१२. रोजना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै– अस्पताल, रोपवे, टेलिफोन, प्रहरी थाना चौकी, फायर बिग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण तथा प्रकाशन विभाग, आकाशवाणी र हुलाक समेतमा माथि लेखिए- बमोजिम बिदा पाउनेमा कामकाज रोक्न नहुने उपरोक्त कार्यालयहरूका निम्ति सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुऱ्याएर मात्र बिदा बस्न पाइने छ ।

द्रष्टव्य

आधा दिन भन्नाले मंसीर, पुस र माघ तीन महिनाका निमित्त दिनको १ बजे र बाँकी नौ महिनाका लागि दिनको १½ बजेसम्म सम्झनु पर्दछ ।

आज्ञाले,
योगेन्द्रनाथ ओझा
श्री ५ को सरकारको सचिव

## भूलसुधार

खण्ड ४१ अतिरिक्ताङ्क ५७ (क) मिति २०४८।६।१ नेपाल राजपत्र भाग २ मा प्रकाशित आर्थिक ऐन, २०४८ को संकेत नं. ६४.०२(२) को सूती कपडाको जुत्ताको दरबन्दीमा छपाइसम्बन्धी भूलको कारणबाट १०% हुनु पर्नेमा १५% भएकोले भूलसुधार गरिएको छ ।

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
अधिकारकर्ता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।